# बालबालिकाहरुको प्राथमिक शिक्षामा सहभागिता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा
व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम.एड) दोश्रो वर्षको
कोड नं. (Ed.PM 598) को आंशिक आवश्यकता
पूरा गर्नका लागि तयार पारिएको

**शोत्रपत्र**

शोधकर्ता
राम अशिष महतो
क्याम्पस क्रमाङ्क : १००/२०६६
परीक्षा क्रमाङ्क : १३००७८
त्रि.वि.दर्ता नं.: ९-२-१३-२९१-२००३

श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस सिरहा
२०७२

त्रिभुवन विश्वविद्यालय

☎ ०३३-५२०३७८
०३३-५२००८२

**श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव**
**बहुमुखी क्याम्पस, सिरहा**

पत्र संख्या :-
चलानी नं. :-

मिति

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विषय, स्नातकोत्तर तह (एम.एड) दोश्रो वर्षका छात्र **राम अशिष महतो** द्वारा **बालबालिकाहरुको प्राथमिक शिक्षामा सहभागितामा** शिर्षकमा तयार पारेको शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हो । यो शोधकार्य प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

..............................
**सुरेन्द्र कुमार यादव**
(शोध निर्देशक)

मिति : ...................

त्रिभुवन विश्वविद्यालय

०३३-५२०३७८
०३३-५२००८२

**श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव**
**बहुमुखी क्याम्पस, सिरहा**

पत्र संख्या :-
चलानी नं. :-

मिति

[illegible]

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह (एम.एड) द्वितिय वर्षका छात्र **राम अशिष महतो** द्वारा **बालबालिकाहरुको प्राथमिक शिक्षामा सहभागिता** शिर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्ककन समिति

| | | |
|---|---|---|
| डा.अशोक कुमार झा (प्राध्यापक) | (कार्यक्रम संयोजक) | ............................ |
| सुरेन्द्र कुमार यादव (आंशिक शिक्षक) | (शोध निर्देशक) | ............................ |
| ............................ ...................... | (बाह्य परीक्षक) | ............................ |

मिति : ......................

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस सिरहा अन्तर्गत स्नातकोत्तर द्धितीय वर्ष, शैक्षिक योजना तथा व्यवस्थापन विषय कोर्ष न. ५९८ को आंशिक आवश्यकता पुरा गर्ने क्रममा प्राथमिक विद्यालय तहमा दलित बालबालिकाहरुको सहभागिता (ओखलढुङ्गा जिल्ला अन्तर्गत खानीभन्ज्याङ्ग स्रोत केन्द्र) को एक अध्ययन शीर्षकमा यो शोधपत्र तयार गरिएको हो । यस शोध पत्रमा दलित बालबालिकाहरुको प्राथमिक विद्यालय तहको शैक्षिक अवस्था केलाउने प्रयत्न गरिएको छ ।

यस शोधपत्र तयार गर्ने क्रममा हरेक समयमा मलाई बौद्धिक एवम् विषयगत रुपमा प्रस्तावना एवम् शोधपत्र लेखन कार्यमा सल्लाह, सुझाव र आवश्यक निर्देशन प्रदान गर्नुहुने सिरहा क्याम्पसका विभागिय प्रमुख तथा क्याम्पस प्रमुख श्री रामहित यादव र गुरुहरु सुरेन्द्र कुमार यादवज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

त्यसै गरी यो शोध पत्र तयार गर्ने कार्यमा यस कुइभिर गा.वि.स.का सम्पूर्ण प्रा.वि., नि.मा.वि तथा मा.वि. तहका प्र.अ, विषय शिक्षक, अभिभावकहरु, वि.व्य.स. का पदाधिकारीहरु सबै विद्यार्थी भाईबहिनीहरु र शैक्षिक सरोकारवालाहरुको साथै कम्प्युटर टाइप गरि सहयोग गर्नुहुने शुभ डिजिटल फोटो स्टुडियो, प्रताप आर्ट सेन्टरका प्रताप राई, नेचा बेतघारीका सुभास भण्डारी र रेखा राईलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

राम अशिष महतो

# शोधसार

*प्रस्तुत दलित जातिका वालवालिकाहरु प्राथमिक शिक्षामा सहभागिता (ओखलढुंङगा जिल्ला अन्तर्गत खानिभन्ज्याङ्ग स्रोत केन्द्रको) : एक अध्ययन विषयक शोधपत्र त्रि.वि. शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता पुरा गर्ने प्रयोजनका लागि सिरहा क्याम्पसमा तयार गरिएको हो ।*

*पाँच परिच्छेदमा बाँडिएर प्रस्तुत शोधपत्रमा क्रमशः परिच्छेद-१ परिचय, परिच्छेद-२ सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन, परिच्छेद-३ अध्ययन विधि, परिच्छेद-४ तथ्याङ्क व्याख्या, विश्लेषण र प्रस्तुतिकरण, परिच्छेद-५मा प्राप्ति, निष्कर्ष र सुझावहरु राखिएका छन् ।*

*सोध अध्ययनका उद्देश्यहरु निम्न रहेका छन् । दलित समुदायका वालवालिकाहरुको प्राथमिक विद्यालय तहमा सहभागिताको स्थिति पत्ता लगाउने । दलित जातिका विद्यमान शैक्षिक समस्या पत्ता लगाउने । उक्त समस्या समाधानका उपाय खोजी गर्ने । उपर्युक्त उद्देश्यहरुमाथी केन्द्रित रहि शोधअध्ययनका लागि आवश्यक जनसंख्याको रुपमा जिल्लाका वाह्र स्रोतकेन्द्रका २९३ प्रा.वि. मध्येवाट एक स्रोत केन्द्र छनोट गरी उक्त एक स्रोतकेन्द्र अन्तर्गत ६० मध्ये १० वटा विद्यालय छनोट गरियो । यस प्रकार अध्ययन क्षेत्रको छनोछ गरी शैक्षिक वर्ष-२०६१/०६२ देखि ०६६ सम्म जम्मा ५ शैक्षिक वर्षको विद्यार्थी विवरण, विद्यालय छाड्ने दर, कक्षा उत्तिर्ण दर, प्राथमिक तह पुरा गर्ने दर जस्ता सूचको आधारमा गैह्र दलित र दलित विद्यार्थीको शैक्षिक अवस्थाको तुलनात्मक रुपमा राष्ट्रिय, क्षेत्रीय, जिल्ला र अध्ययन क्षेत्रको विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएको छ । दलित शैक्षिक स्थिति पहिचान पश्चात् उनीहरुको शैक्षिक समस्या पत्ता लगाउन अध्ययन क्षेत्रको जनसंख्यामध्ये वाट ३०-३० जनाको दरले शिक्षक, प्र.अ. स्थानीय वुद्धिजिवी, समाजसेवी, अभिभावक, विद्यार्थीहरु, वि.व्य.स. पधादिकारी सम्पुर्ण सम्बन्धित पक्षका अभिमत लगाएको छ । साथै प्रत्यक्ष अर्न्तक्रिया स्थलगत अध्ययन सर्वेक्षण, अनुसन्धानात्मक प्रश्नावली तथा अन्य द्वितीय तथ्याङ्कको आधारमा समेत आवश्यक तथ्याङ्क लिएको छ । उपर्युक्त जनसंख्याकै अवधारणा अनुसार समस्या समाधान उपाय समेत खोजी Paulo freire को pedagogy of oppressed*

र मार्क्सवादीहरुको Social stratification theory को सैद्धान्तिक कसिमा विश्लेषण गरी प्रस्तुत गरिएकोछ । साथै प्राप्त तथ्याङ्कहरुलाई स्पष्ट पार्न तालीकीकरण विधी, वृत्तचित्र आदिको माध्यम वाट विभिन्न शैक्षिक सुचकको अवधारणा तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

जिल्लाको समुदायमा कुल जनसंख्याको २५.२६ प्रतिशत सहभागिता स्थान ओगटेको दलितहरुको विद्यालय भित्र जम्मा २३.८३ प्रतिशत सहभागिता, अन्य जातीको समुदायमा ७४.७६ प्रतिशत र विद्यालयमा कुल विद्यार्थी संख्याको ७६.१८ प्रतिशत स्थान तुलनामा कम देखियो । यसै गरी जिल्लाको कुल साक्षरता ४७.४ प्रतिशत रहेकोमा दलित समुदायको साक्षर १६.७६ प्रतिशत रहेको तथ्याङ्कले समेत दलित समुदायको अवस्था कमजोर भएको देखाउँदछ (शैक्षिक तथ्याङ्क विवरण २०५८, जि.शि.का. ओखलढुङ्गा) । यसै गरी जिल्लाका जम्मा विद्यार्थीको खुद भर्ना दर ८९.७ प्रतिशत रहेकोमा दलित खुद भर्ना दर ४३.१५ प्रतिशत रहनु यसै गरी सहजै देखिने भर्ना दरको आधारमा हेर्दा समेत जिल्लाको ११४.१ प्रतिशतको तुलनामा अध्ययन क्षेत्रको दलितको १२०.५ प्रतिशत रहनवाट उनीहरुको शैक्षिक अध्ययनलाई प्रष्ट पार्छ ।

यस प्रकार अध्ययन क्षेत्रका सम्बन्धित जनसंख्याको अभिमतमा शिक्षामा दलितको न्यून सहभागिता रहनुको कारणमा आर्थिक कमजोरी, दलितको शैक्षिक चेतनामा कमि, विद्यालय तथा वर्तमान पाठ्क्रमले सिर्जना गरेका समस्याहरु एवं समाज र सँस्कृतिले समेत दलित शिक्षाको अवरोध पुर्‍याएको देखियो । सो समस्याको समाधानको उपाएमा दलितको आर्थिक अवस्था उकास्ने आयमुलक कार्यक्रम संचालन गर्नुपर्ने देखियो । उनीहरुको परम्परागत सीपलाई आधुनीकीकरण गर्नुपर्ने देखियो । विद्यालयमा समान व्यवहार गरी उनीहरुलाई निरन्तर उत्साहित गर्नु पर्ने, छात्रवृत्तीको आवश्यकमात्रामा कोटा उपलव्ध गराउनु पर्ने जस्ता विभिन्न उपायहरु अपनाउनुपर्ने अवस्था रह्यो । पाउलो फेरे (सन् १९६७) ले भने झैं उत्पीडित वर्गका रुपमा रहेका दलितलाई शैक्षिक चेतना प्रदान गर्दै शिक्षा प्रति जागरुक बनाउनका साथै मार्क्सवादीको अवधारणा अनुरुप दलित वर्गीय उत्थानको लागी आर्थिक,सामाजिक, राजनैतिक रुपमा अधिकार प्रदान गरी उपर्युक्त अवसर उपलव्ध गराउनु पर्ने देखियो ।

# विषयसूची


सिफारिस-पत्र I

स्वीकृति-पत्र II

कृतज्ञता III

शोधसार IV-V

**परिच्छेद एक**

**परिचय** १-१२

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन १०

१.३ अध्ययनको औचित्य १०

१.४ अध्ययनको उद्देश्य ११

१.५ अध्ययनको परिसीमा १२

**परिच्छेद दुई**

**सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धात्कि खाँका** १३-१९

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १३

२.२ अध्ययनको सैद्धान्तिक खाका १५

२.३ पुनरावलोकनको उपादेयता १७

**परिच्छेद तीन** २०-१८

**अध्ययन विधि र प्रक्रिया**

३.१ अनुसन्धान ढाँचा २०

३.२ अध्ययनको जनसङख्या तथा नमुना छनौट २०

३.३ तथ्याङ्कका स्रोतहरु २०

३.४ तथ्याङ्क संकलनका साधनहरु २१

३.५ तथ्यांक विश्लेषण प्रक्रिया २१

## परिच्छेद चार

## नतिजाको विश्लेषण २२-४१

४.१ अध्ययन क्षेत्रको परिचय २२

४.२ ओखलढुंगा जिल्लाका दलित बालबालिकाका शैक्षिक अवस्था २५

४.३ प्राथमिक शिक्षामा दलित सहभागिता कम हुनका कारणहरु ३३

४.४ दलितहरुको शैक्षिक समस्या समाधानका उपायहरु ४०

## परिच्छेद पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव ४५-५०

५.१ प्राप्ति ४५

५.२ निष्कर्ष ४८

५.३ सुझावहरु ४९

**सन्दर्भ सामग्री**

**अनुसूचीहरु**